बागमती प्रदेश
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

## पालिका स्तरीय बालश्रम उन्मूलन कार्यक्रममा सहभागीहुन ईच्छुक स्थानीय तहलाई प्रस्ताव पेश गर्ने सार्वजनिक सूचना

(प्रथम पटक प्रकासित मितिः २०८२/०७/२०)

यस मन्त्रालयको चालु आर्थिक वर्ष ०८२/८३ वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बागमती प्रदेशलाई बालश्रम मुक्त प्रदेश बनाउने अभिप्रायले "पालिका स्तरीय बालश्रम उन्मूलन कार्यक्रम संचालन" कार्यक्रमको कार्यान्वयन हेतु तपसिल बमोजिमको उद्देश्य र मूल्याङ्कन सूचकको आधारमा एवं छनोट शर्तहरुको अधिनमा रहि बागमती प्रदेशका ईच्छुक स्थानीय तहलाई सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८२/०८/०४ गते) भित्र यस मन्त्रालयमा प्रस्ताव पेश गर्नहुन प्रदेश भित्रका सबै स्थानिय तहको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

उद्देश्यहरू:

- बालश्रममा संलग्न वा जोखिममा रहेका बालबालिकाको पहिचान, उद्धार र पुनःस्थापना गर्ने।
- विद्यालय बाहिर रहेका बालबालिकाको पुनःभर्ना र शैक्षिक पहुँच सुनिश्चित गर्ने।
- बालमैत्री घोषणा भएका पालिकाको गुणस्तरीय मूल्याङ्कन र सुधार गर्ने।
- सह—लगानी (Matching Fund) सहितका प्रस्ताव ल्याउने पालिकालाई प्राथमिकता दिने।
- बाश्रम उन्मूलनका लागि प्रदेश—पालिका सहकार्य र स्थानीय संस्थागत प्रणाली सुदृढ गर्ने।

प्रस्ताव मूल्याङ्कन सूचक

| क्र.सं. | मूल्याङ्कन सूचक | विवरण | अधिकतम अंक |
|---|---|---|---|
| १ | बालश्रम जोखिम सूचकांक | जोखिमग्रस्त बालबालिका र फैलावट (सो सम्बन्धी प्रमाणित तथ्याङ्क पेश गर्ने) जोखिम बढि हुनेलाई प्राथमिकता दिईनेछ | १५ |
| २ | विगतका प्रयास र उपलब्धि | अघिल्ला न्यूनीकरण गतिविधिको प्रमाणित प्रतिलिपि | १० |
| ३ | विद्यालय पुनःभर्ना दर | विद्यालय पुनःभर्ना र पुनःस्थापना सम्बन्धी कागजपत्रहरु | १० |
| ४ | सह—लगानी (Matching Fund) | पालिकाको स्रोत योगदान, यसमा धेरै योगदान राख्ने स्थानिय तहलाई प्राथमिकता दिईनेछ | २० |
| ५ | जनसंख्या र गरिबी सूचक | उच्च जोखिम क्षेत्रलाई प्राथमिकता | १० |
| ६ | कार्ययोजना र कार्यान्वयन क्षमता | प्रस्तावित योजना र व्यवस्थापन क्षमता | १० |
| ७ | बालमैत्री पालिका मूल्याङ्कन | घोषणा पालिकाको सुधार योजना र नभएकोमा रणनीतिक योजना | १५ |
| ८ | समुदाय/संस्थाको सहकार्य प्रतिवद्धता | साझेदारी, सचेतना अभियान | १० |
| जम्मा | | | १०० अंक |

नोट:

- सम्वन्धित स्थानीयतहको कार्यपालिकाबाट कार्यक्रम माग गर्ने निर्णय आवश्यक हुनेछ।
- शर्तमा उल्लेख भएका सबै विवरण खुल्ने आधिकारिक प्रमाणपत्रको प्रतिलिपि सिफारिस पत्रसाथ अनिवार्य संलग्न गरी सिफारिस गर्नुपर्नेछ ।
- तालिममा छनोट भएका सबै पालिकाहरुको छनोटका आधार सहित यस मन्त्रालयको वेबसाइट (website) मार्फत जानकारी गराइनेछ।
- सूचना अवधिको अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको दिनको कार्यालय समयलाई अन्तिम दिन मानिनेछ।
- तोकिएका शर्त तथा कागजात पुरा नभएको सिफारिसको हकमा छनोटमा समावेश गर्न बाध्यकारी हुनेछैन ।

महाशाखा प्रमुख